# स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सर्वसाधारणको लागि जारी गरेको

## अत्यन्त जरुरी सूचना

मानिनय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७।०२।०६ गते वसेको वैठकले RT-PCR परिक्षण स्वेच्छाले गर्न चाहने स्वदेशी तथा विदेशी नागरिकहरुलाई राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालावाट तोकिएको मापदण्ड र सूचनाको गोपनियता तथा नियमित रिपोर्टिङ्ग गर्ने शर्त अनिवार्य पालना गर्ने गरी तोकिएको सार्वजनिक स्वास्थ्य संस्थाहरु मार्फत तोकिएका दररेटमा परिक्षण सशुल्क उपलब्ध गराउने भनी निर्णय भएको थियो र सोही अनुसार यसलाई मन्त्रालयका प्रवक्ताद्धारा नियमित प्रेस कन्फ्रेन्समा घोषणा समेत भएको थियो ।

यही सूचनालाई तोडमोड गरी केही अनलाइन मिडियाहरुले निजी संस्थावाट परिक्षण गराउन रु १५,०००।- रेट तोकिएको भनी समाचार सम्प्रेषण गरेको र यसैलाई आधार मानी सर्वसाधारणले व्यक्त गरेको अत्यन्त धेरै प्रतिक्रियाहरु प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएकोछ । सार्वजनिक अस्पतालहरुमा लामवद्ध भएर समय खेर फाल्न नचाहने र भिडभाडमा गएर जोखिम मोल्न नचाहने स्वदेशी तथा विदेशीहरुको अनुरोधमा नै मन्त्रालयले सशुल्क परिक्षणको व्यवस्था गर्न लागेको हो । निशुल्क परिक्षण गराउने कि सशुल्क परिक्षण गराउने सो व्यक्तिको इच्छामा भरपर्ने कुरा हो । सशुल्क परिक्षण गर्ने संस्थाहरुले परिक्षणको लागि तोकिएको सम्पुर्ण मापदण्डहरु पुर्याएको हुनुपर्छ र यहाँवाट भएका परिक्षणहरुको गोपनियता कायम गर्दै नियमित रिपोटीङ्ग राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउनुपर्ने हुन्छ । यसप्रकारको परिक्षणको लागि मन्त्रालयले दररेट तोकिदिने भएतापनि हालसम्म कुनै दररेट तोकी नसकेको व्यहोरा सर्वसाधारणमा जानकारी गराइन्छ ।

परिक्षणवाट मात्र संक्रमितलाई पहिचान गर्न सकिने हुँदा विदेशी कुटनितिज्ञहरु र केही अन्य स्वदेशी नागरिकहरु समेतको आग्रहमा परिक्षणलाई व्यापक वनाउन आवश्यक रहेकोछ । यसैलाई मध्यनजर गरी परिक्षणको दायरालाई व्यापक वनाउने कार्य गरिएको मात्रै हो, यस सम्वन्धमा के-कति शुल्क लाग्ने, प्रयोगशाला कस्तो हुने, सुरक्षा प्रवन्ध कसरी अपनाउने लगायतका विषयमा छलफल र निर्णय हुन बाँकि नै रहेकोछ । तसर्थ राज्यको चौथो अंगको रुपमा मानिएका पत्रकारहरुले यस्तो संकटको घडीमा सही सन्देश मात्र प्रवाह गर्न अनुरोध छ अन्यथा यसरी पटक-पटक भ्रम पुर्ण समाचार संप्रेषण गरी समाजमा उत्तेजना फैलाउने कार्य भएमा कानुन वमोजिम कडा कारवाही गरिने व्यहोरा समेत यसै सूचना मार्फत अवगत गराउदछु ।

डा. गुणराज लोहनी

आई.सी.एस.कोर्डिनेटर

२०७७/२/६